गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, गोरखा

सूचना नं.: १२

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) क्षेत्र निर्धारणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति:२०८२/०९/२८)

यस कार्यालयको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नयाँ ब्लक विकास कार्यक्रम संचालन गर्नको लागि राष्ट्रिय महत्व एवं स्थानीय सम्भाव्यताको आधारमा बाली विशेषको ब्लक क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले गोरखा जिल्लाभित्रका कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमी र जल उपभोक्ता संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/१०/१३) भित्र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल (Project Implementation Manual-२०७७, पहिलो संशोधन २०८१) को अनुसूचि-६ बमोजिमको निवेदन तथा अनुसूचि-७ बमोजिमको तथ्याङ्क विवरण सहित तपशिलका आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स. | कार्यक्रमको नाम | सञ्चालन हुने बाली | लक्ष्य | विनियोजित बजेट | कै. |
|---|---|---|---|---|---|
| १ | जिल्लाको प्राथमिकता प्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअलको अनुसूचि-१ बमोजिमका राष्ट्रिय महत्वका बाली एवंम् स्थानीय सम्भाव्यताको बाली | १ | रु. २० लाख ५ हजार | |

**आवश्यक कागजातहरु**

- कृषि फर्म/कृषि कम्पनीको दर्ता प्रमाणपत्र (नवीकरण गर्नु पर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाण पत्र र जग्गा धनी पूर्जाको प्रतिलिपी र जग्गा करार/लिजमा लिई कार्यक्रम गर्नेको हकमा न्यूनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपी, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी ।
- कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समितिहरुको हकमा दर्ता प्रमाणपत्र (नवीकरण गर्नु पर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाण पत्र, आर्थिक अडिट रिपोर्ट र संस्था संचालक समितिको कार्यकम संचालन सम्बन्धमा बैठकको निर्णय प्रतिलिपी, जग्गाधनी पूर्जाको प्रतिलिपी, जग्गा करार/लिजमा लिई कार्यकम गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपी र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी ।
- राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल (Project Implementation Manual -२०७७, पहिलो संशोधन २०८१) को ४.२.४ को तालिका नं ३ अनुसारको बाली विशेष बल्कको न्यूनतम क्षेत्रफल पुगेको विवरण।
- सम्बन्धित स्थानीय तहको ब्लक क्षेत्र निर्धारणको लागि सिफारिस पत्र ।

नोटः निवेदन र प्रस्तावको ढाँचा यस कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट उपलब्ध हुनेछ तथा कार्यालयको वेभसाईट *www.gorkha.akc.gov.np* बाट डाउनलोड गर्न सकिनेछ।

<u>थप जानकारीको लागि ;</u>

फोन नं. ०६४-४२०११३ वा सूचना अधिकारी-९८५६०७०६४९ वा गुनासो सुन्ने अधिकारी-९८५६०४०६४९ वा कार्यालय प्रमुख फोन नं. ९८५६०३०६४९

कुल प्रसाद तिवारी

वरिष्ठ कृषि विकास अधिकृत

CamScanner